जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ४२ पृष्ठः ४ | २०८३ जेठ १९ मंगलबार (Tuesday 02 June 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## संघीय बजेटमा नयाँ कमला पुल उपेक्षामा परेको भन्दै संघर्ष समिति आन्दोलित




सिरहा, १८ जेठ। संघीय सरकारले सार्वजनिक गरेको आगामी आर्थिक वर्षको बजेटमा नयाँ कमला पुल निर्माणका लागि बजेट विनियोजन नगरिएको भन्दै नयाँ कमला पुल निर्माण संघर्ष समिति आन्दोलित भएको छ। समितिले सोमबार मधेस प्रदेश सभाका सभामुख रामअशिष यादवलाई एक ज्ञापनपत्र बुझाउँदै पुल निर्माणका लागि तत्काल बजेट सुनिश्चित गर्न माग गरेको हो।

यसअघि नयाँ कमला पुल निर्माण संघर्ष समिति र मधेस प्रदेश सरकारबिच आर्थिक वर्ष २०८३/८४ को संघीय बजेटमार्फत आवश्यक बजेट व्यवस्थापन गर्न पहल गर्ने सहमति भएको थियो। उक्त लिखित सहमतिमा यदि संघीय सरकारले बजेट उपलब्ध नगराएमा मधेस प्रदेश सरकारले आफ्नै आन्तरिक स्रोतबाट कुल लागत व्यहोर्ने तथा विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयारीका लागि बोलपत्र आह्वान गर्ने स्पष्ट उल्लेख थियो। तर संघीय सरकारको बजेटमा कमला पुल निर्माणका लागि कुनै पनि रकम विनियोजन नभएपछि संघर्ष समितिले प्रदेश सरकारलाई पूर्वसहमतिको सम्झना गराउँदै ध्यानाकर्षण गराएको हो।

संघर्ष समितिका संयोजक इन्जिनियर प्रवीण यादवका अनुसार पूर्व सहमति अनुसार संघीय बजेटमा यो आयोजना नपरेकाले अब मधेस प्रदेश सरकारले आफ्नै आन्तरिक स्रोतबाट निर्माण प्रक्रिया तत्काल अगाडि बढाउनुपर्ने माग गरिएको छ। ज्ञापनपत्र बुझाउने क्रममा संघर्ष समितिले प्रदेश सरकारलाई आफ्नो प्रतिबद्धता अक्षरशः पूरा गर्न आग्रह गर्दै माग अविलम्ब सम्बोधन नभए थप सशक्त आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनी दिएको छ।

धनुषा र सिरहा जिल्लाका हजारौं नागरिकको प्रत्यक्ष सरोकार र आर्थिक जीवनसँग जोडिएको यस पुलको निर्माण कार्य वर्षौंदेखि अन्योलमा रहँदै आएको छ। स्थानीयवासीले अब आश्वासन मात्र नभई ठोस रूपमा निर्माण कार्यको थालनी हुनुपर्ने माग राख्दै आएका छन्। संघर्ष समितिले सरकारलाई अविलम्ब ठोस निर्णय गरी पुल निर्माणको प्रक्रिया सुरु गर्न आग्रह गरेको छ।

## अवैध आयात नियन्त्रणले सुनसरीका माछा किसानलाई राहत



**जयकृष्ण यादव**

इनरुवा, १८ जेठ। सीमामा अनाधिकृत रूपमा आयात भइरहेको माछालाई रोकेपछि सुनसरीका माछा किसान उत्साहित बनेका छन्। नेपाली माछा किसानले लगानी धेरै गर्नुपर्ने र आम्दानी थोरै हुने अनि भारतीय माछासँग प्रतिस्पर्धा गर्न नसकेको गुनासोका बिच प्रतिबन्धित मुग्री माछा आयातमा रोक लगाएपछि जिल्लाका माछा किसान उत्साहित बनेका हुन्। सीमापारीको लगानी कम हुने र व्यवसायिक रूपमा माछा खेती गर्ने भारतीय माछासँग प्रतिस्पर्धा गर्न नसकेकोमा सीमामा र बजारमा लुकिछिपी ल्याएको प्रतिबन्धित मुग्री माछा नष्ट गर्न थाले पनि जिल्लाका माछा किसान उत्साहित बनेको माछा किसान देवनारायण यादवले बताउनुभयो।

उता भारतीय माछासँग प्रतिस्प्रधा गर्न नसकेको गुनासोका बिच कोशी प्रदेश सरकारका उद्योग, कृषि तथा सहकारी मन्त्री इस्राईल मन्सुरीले माछा किसानसँग भेटेर माछा खेतीको बारेमा जानकारी लिनुभएको छ। मंसुरीले रामधुनी नगरपालिका र देवानगन्ज गाउँपालिकाका माछा

–बाँकी दुई पेजमा

## मधेस प्रदेशको नीति तथा कार्यक्रममाथि प्रदेशसभामा बहस


जनकपुरधाम, १८ जेठ। मधेस प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रममाथि आजदेखि प्रदेशसभामा विस्तृत छलफल सुरु हुँदैछ। प्रदेशसभा सचिवालयले दिएको जानकारी अनुसार सोमबार दिउँसो १ बजे बस्ने प्रदेशसभाको बैठकमा नीति तथा कार्यक्रममाथिको सैद्धान्तिक छलफल प्रारम्भ गरिने कार्यसूची रहेको छ।

यसअघि मधेस प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले यही जेठ १५ गते नेपालको संविधानको धारा १८४ को उपधारा (२) बमोजिम प्रदेशसभाको संयुक्त बैठकमा सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए। सरकारले आगामी वर्षको नीति तथा कार्यक्रममा विशेष गरी कृषिलाई मुख्य प्राथमिकतामा राखेर आफ्ना योजनाहरू अघि सारेको छ।

कुल २७ पृष्ठ लामो उक्त नीति तथा कार्यक्रमको दस्तावेजमा कृषि उत्पादनमा वृद्धि, माटोको स्वास्थ्यमा सुधार, स्थानीय उत्पादनको प्रवर्द्धन, व्यापक रोजगारी सिर्जना तथा शिक्षा क्षेत्रको चौतर्फी सुधार जस्ता महत्वपूर्ण विषयहरूलाई जोडतोडका साथ समेटिएको छ। सरकारले प्रदेशको विकास र समृद्धिका लागि विभिन्न आकर्षक नाराहरूसहित आफ्ना योजनाहरू सार्वजनिक गरेको छ। जसमा कृषि क्षेत्रको विकासका लागि 'मेड इन मधेस, समृद्ध प्रदेश' र 'किसानको शान, मधेसको मखान, कृषिको मुख्य आधार, माटोको स्वास्थ्य सुधार' जस्ता कार्यक्रमहरू ल्याइएका छन्।

यसैगरी रोजगारी सिर्जना र शिक्षाको स्तर उकास्नका लागि सरकारले 'आफ्नै प्रदेश, आफ्नै रोजगारी' तथा बालबालिकालाई विद्यालय पठाउने अभियान अन्तर्गत 'अप्पण बच्चाके स्कूल पठाऊ, साक्षरता के दीप जलाऊ' जस्ता लोकप्रिय नाराहरूलाई नीति तथा कार्यक्रमको मुख्य प्राथमिकतामा राखेको छ। प्रदेशसभामा आजदेखि सुरु हुने नीति तथा कार्यक्रममाथिको छलफल सम्पन्न भएपछि प्राप्त सुझाव र

–बाँकी अन्तिम पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**धूम्रपान त्यागौं, स्वस्थ जीवनशैली अपनाऔं ।**

- धूम्रपानले क्यान्सर, मुटु रोग र श्वासप्रश्वाससम्बन्धी समस्या निम्त्याउँछ,
- धूम्रपान स्वास्थ्यका लागि हानिकारक छ,

त्यसैले,

- सार्वजनिक स्थानमा धूम्रपान नगरौं,
- किशोर–किशोरीहरूलाई धूम्रपानबाट टाढा राखौं,
- धूम्रपानको लतबाट मुक्त हुन आवश्यक परामर्श र सहयोग लिऔं,
- धूम्रपान नगर्ने वातावरण सिर्जना गरौं,
- आ नो र परिवारको स्वास्थ्यको रक्षा गरौं,
- धूम्रपान त्याग्ने संकल्प गरौं,
- धूम्रपान विरुद्ध जनचेतना फैलाऔं र स्वस्थ समाज निर्माण गरौं।

**स्वस्थ जीवन, उन्नत भविष्यको आधार ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## प्रधानमन्त्री शाहमा कूटनीतिक परिपक्वता र संयम आवश्यक

संसद्मा नबोलेकोमा आलोचित प्रधानमन्त्री बालेन्द्र शाहले आइतवार पहिलोपटक बोल्दैमा विवाद निम्त्याए। सङ्ख्यामा कमजोर र सभामुखबाट समेत हेपिएका विपक्षी सांसदहरूले सीमासम्बन्धी शाहको अभिव्यक्तिमा आपत्ति प्रकट गरे। सीमाविद् र नागरिक समाजले समेत् नेपालले पनि भारतीय भूमि मिचेको भन्ने प्रधानमन्त्री शाहको अभिव्यक्तिमा आपत्ति जनाएका छन्। सम्भवतः यसभन्दा पहिले नेपालको प्रधानमन्त्री त के कुनै पनि सरकारी अधिकारीले नेपालले पनि भारतको भूमि मिचेको भनेका थिएनन्। भारतले केही ठाउँमा सीमा अतिक्रमण गरेको भए पनि नेपालले भारतको सीमा अतिक्रमण नगरेको अडान अहिलेसम्म नेपाली अधिकारीहरूले राख्दै आएका छन्।

प्रधानमन्त्रीको विवादास्पद अभिव्यक्ति सच्याउन परराष्ट्र मन्त्रालयले सोही दिन दस गजा क्षेत्रमा भोगचलन गरिएको जमिनका सन्दर्भलाई प्रधानमन्त्री शाहले उठाएका हुन् भन्दै स्पष्टीकरण दिएको छ। परराष्ट्र मन्त्रालयको स्पष्टीकरणलाई अविश्वास गर्नुपर्ने कारण पनि देखिँदैन। अर्थात्, प्रधानमन्त्री शाहले नेपालीले पनि भारतको जमिनमा खेती गरेका छन् भन्न खोजेका रहेछन्। हुन पनि दसगजा क्षेत्रमा दुईचार पाइला जमिन यता वा उताका नागरिकबाट चेपिनु पटक्कै अस्वाभाविक होइन। खुला सीमा र निर्बाध आवागमनका कारण सीमावर्ती क्षेत्रमा रहेका नेपाली र भारतीयहरूबीच ऐँचोपैँचो र भारापर्म चल्छ। यस्तो अवस्थामा नेपालले भारतको जमिन मिचेको भन्नु उपयुक्त हुँदैन। छिमेकीले छिमेकको साँध मिचेजस्तै हो। यसमा स्थानीय तहमै छलफल गरेर समस्या भए सल्टाउन सकिन्छ।

नेपालका प्रधानमन्त्रीमध्ये सञ्चार माध्यम र सामाजिक सञ्जालमा बढी नै चर्चित बालेन्द्र शाह (बालेन)को सीमा अतिक्रमणसम्बन्धी कथनलाई भारतीय सञ्चार माध्यमले निकै उत्साहका साथ प्रचारप्रसार गरेका छन्। यसले पनि विषयको गम्भीरतालाई उजागर गरेको छ भने भारतीय पक्षको उत्साहले 'षड्यन्त्रको सिद्धान्त'मा बढी नै विश्वास गर्ने नेपाली बौद्धिकहरूलाई पनि उक्साएको देखियो। प्रधानमन्त्री शाहले यस प्रकरणबाट प्रधानमन्त्रीले संसद्मा बोल्दा गृहकार्य गरेर बोल्नुपर्ने पाठ सिकेको हुनुपर्छ। यस्तै, संसद्मा उनले नियमितरूपमा बोल्ने गरेको भए पनि उनमा अपेक्षाकृत संयम र वाक्पटुता देखिने थियो। संसद् सिक्ने थलो पनि हो र सिकाइ आजीवन चल्छ भन्ने पनि नबिर्सौं।

प्रधानमन्त्रीको कथन सच्याउन र स्पष्ट पार्न चाहनु विपक्षको कर्तव्य नै हो। तर, त्यस क्रममा संयम र विवेक गुमाउनु प्रत्युत्पादक हुनसक्छ। सभामुखले विपक्षलाई संसदीय मान्यताअनुसार उचित स्थान नदिएका कारणले पनि विपक्ष बढी आक्रामक हुनपुगेको हुनुपर्छ। यसैले प्रधानमन्त्री शाहले बल्झाएको विवाद चर्काउनमा सभामुखको विपक्षलाई पेल्ने शैली पनि जिम्मेवार देखिन्छ।

सीमा विवादजस्ता विषयमा नेपालको संसद्मा सधैँजस्तो एकमत देखिने गरेको छ। यसैले पनि संसद् र समाजमा प्रधानमन्त्री शाहको भनाइलाई बढी संवेदनशिलतापूर्वक लिइएको हुनुपर्छ। भारतीय सञ्चार माध्यमले बढी उत्साहपूर्वक समाचार फैलाएको कारण पनि यही हो। यसैले प्रधानमन्त्री शाहले विपक्षी सांसदहरूसँग यस विषयमा छलफल गरी सन्देह र आरोप मेटाउनु नै उचित हुनेछ।

# प्रधानमन्त्री बालेनमा रणबहादुर र जङ्गबहादुरको प्रतिच्छाया

प्रधानमन्त्री बालेन साँच्चिकै लोकतन्त्रवादी हुने हो भने अहिलेको अन्धकार भित्रबाट सरकार चलाउने तरिका छाड्नुको विकल्प देखिँदैन



**प्रतीक प्रधान**

प्रधानमन्त्री बालेन्द्र शाहले करिब दुई तिहाइ जनसमर्थन पाएर सत्ता सम्हाल्दै गर्दा उनीप्रति जनतामा दुई प्रकारको अवधारणा थियो। धेरैले उनलाई राणा प्रधानमन्त्री जंगबहादुर राणाजस्तो तेजतर्रार, निर्णय क्षमता भएका र राष्ट्रप्रेमी प्रधानमन्त्रीको रूपमा देखापर्ने आशा गरेका थिए।

कतिपयले भने उनलाई नेपालको इतिहासका 'सनकी महाराज' रणबहादुर शाहजस्तो गाँजा सेवनमा रुचि राख्ने, षड्यन्त्र गर्ने, सानो समूहमा रुमल्लिएर बस्ने र साँच्चैको देशसेवक काका बहादुर शाहजस्तालाई सिध्याउने हुन् कि भनेर आशंका पनि गरेका छन्। ती आलोचकले बालेनलाई उनको आफ्नो क्षमताले भन्दा सामाजिक सञ्जालको एल्गोरिदमले सिर्जना गरेको सामूहिक उन्मादका कारणले पदमा पुगेका 'पपुलिस्ट' प्रधानमन्त्रीको रूपमा हेरेका छन्।

मधेसका छोराको रूपमा उदाएका बालेन शाहलाई मतदानमा भाग लिएका करिब दुई तिहाइ नेपाली जनताले आशाको केन्द्र मानेका भए पनि बालेन्द्र शाहले विगतका ६६ दिनमा उनका समर्थक र आलोचक दुवैलाई गलत हुनदिएका छैनन्। उनका काम कारबाही र भ्रष्टाचारप्रति शून्य सहनशीलताले समर्थकहरूलाई उत्साही बनाएको छ भने संसद्प्रतिको बेवास्ता, जनसमर्थनलाई 'टेकन फर ग्रान्टेड' लिनु (अर्थात् मैले पाउनैपर्ने कुरो हो किन ठूलो कुरा मान्नु भन्ने भावना) ले उनको लोकतन्त्रप्रतिको प्रतिबद्धतामा प्रश्न उठ्न थालेको छ। उनको छविको कारण राष्ट्रिय स्वतन्त्र पार्टीलाई समर्थन गरेका जनताको मनमा चिसो पस्न थालेको छ।

राम्रो काम गर्दा गर्दै पनि जंगबहादुरसँग तुलना गरिनु स्वाभाविक हो त भन्ने प्रश्न पनि उठ्न सक्छ। तर, उनका कतिपय कामले जंगबहादुरको झल्को पनि दिन्छ। बालेन शाह आफू काठमाडौं महानगरको मेयर हुँदा सुरु गरेको सुकुमबासी बस्ती खाली गर्ने नीतिलाई प्रधानमन्त्री भएलगत्तै जुन निर्मम ढंगले कार्यान्वयन गरे त्यसले उनलाई एक अधिनायकवादी र गरिबप्रति असहिष्णु नेताको रूपमा चिनाएको छ जुन तरिकालाई बोलीचालीको भाषामा 'जङ्गे पारा' भनिन्छ।

सत्तामा पुग्न नपाउँदै जनतालाई खरो ढंगले अनुशासित बनाउनु, जुनसुकै समस्याको समाधानको माध्यम प्रहरी र प्रशासन बनाउनु र आफूलाई चित्त नबुझेकालाई 'पहिले थुन् अनि सुन्' भन्ने पारा अपनाउनु नै यस सरकारको काम गराइको शैली बन्न गएको छ। जनताको विश्वास जितेर तिनको हितमा सशक्त र सक्षमतापूर्वक काम गर्ने सरकारलाई लोकतन्त्रवादी, उदारवादी र जनहितको रक्षक भनिन्छ। तर, जनतालाई धम्क्याएर, तर्साएर, प्रहरी लगाएर शासन गरिन्छ भने त्यस्तो शासन व्यवस्थालाई 'फासिस्ट' शासन वा 'पुलिस स्टेट' भनिन्छ। नेपाल फासिस्ट व्यवस्थातर्फ उन्मुख हुँदै गएको छ भन्नेको संख्या क्रमशः बढेर गएको देखिन्छ।

पश्चिमा देशमा जस्तो नेपालमा प्रधानमन्त्री वा शासक जनताका माझमा कति लोकप्रिय छ भन्ने कुनै मापन हुँदैन। हुन्थ्यो भने हिजो (जेठ १७, २०८३) नेपालको सार्वभौम संसद्मा सांसदको प्रश्नको उत्तर दिन गएका प्रधानमन्त्री शाहको भनाइले र उनको अहिलेसम्मको काम गराइले लोकप्रियतामा कस्तो असर परेको छ भन्ने थाहा हुन्थ्यो। तर, ठोस तथ्यांकमा थाहा नभए पनि नेपाली जनताको मनमा ठेस लागेको अनुमान गर्न कुनै गाह्रो छैन। आजसम्म नेपालले आफ्ना छिमेकी देशको सीमाना मिचेको कुरा कतै पनि लेखिएको वा भारत र चीनले समेत स्पष्ट शब्दमा भनेको कुनै रेकर्ड फेला नपरेको अवस्थामा प्रधानमन्त्री बालेन्द्र शाहले संसद्मा नेपालले पनि भारतको सीमा ठाउँठाउँमा मिचेको भनेर बोलेका छन्।

बालेनको यो भनाइ संसद्मा अहिले किन आयो ? यो कुरा सीमासम्बन्धी जानकारी भएरै आएको हो कि सीमा विवाद भनेपछि दुवै तर्फको दाबी होला भन्ने ज्ञानको कमीले हो वा एक अर्काको देशमा सम्पत्ति (घर, जग्गा) भोगचलन गरिरहेको अवस्थालाई इङ्गित गर्न खोजेका हुन् ? कि माथिका कुनै कुरा नभएर भारतसँग साखुल्य बन्न खोजेका हुन्। उनको दलका अध्यक्ष आजै भारत भ्रमणमा गएका छन्। बालेनले हिजै भारतलाई आफू भारतविरोधी नभएको कुनै सन्देश दिनका लागि जानाजान सीमासम्बन्धी विवादमा नेपालको तर्फबाट पनि मिच्ने कार्य भएको छ भनेका हुन् कि ?

हिजो संसद्मा बोलेको गैरजिम्मेवार वक्तव्यले प्रधानमन्त्री बालेन अहिले सबैको आक्रमणको निशाना बनेका छन्। 'ओरालो लागेको मृगलाई बाच्छोले पनि लखेट्छ' भन्नेजस्तो अवस्था देखिएको छ। तर, यो अहिले उपयुक्त अवसर पनि हो बालेनले आत्मसमीक्षा गर्ने। देशलाई कसरी र कुन दिशामा लैजाने भन्ने विषयमा समयमै ध्यान नदिने हो भने संसद्को दुई तिहाइले भदौ २३–२४ जस्ता आन्दोलन २४ घन्टा पनि धान्दैन भनेर ती आन्दोलनका उत्पादन उनै बालेनलाई सिकाउनुपर्ने कुरा होइन। अहिलेसम्म रहस्यको पात्रको रूपमा पर्दा पछाडिबाट शासन गरिरहेका कारणले बालेनको लोकप्रियतामा कमी नआएको भान भएको छ। तर, सरकारमा बसेपछि जनताका माझ नजाने नेता सधैं लोकप्रिय रहने सम्भावना छैन।

अझै धेरैलाई उनीबाट धेरै आशा छ र कतिको विश्वास अझै धमिलिएको छैन। तर, आफू रहस्यमयी र मौन शासक बन्दा उनको नामबाट उनका नजिकका व्यक्तिले 'डी फ्याक्टो' प्रधानमन्त्री ( काम गर्ने गराउने) को रूपमा काम गर्ने सम्भावना बढेर गएको छ। उनी साँच्चै सक्षम व्यक्ति हुन्, काम गरेर देखाउन सक्ने क्षमता राख्छन् र यस पंक्तिकारले पनि विश्वास गरेजस्तो इमानदार हुन् भने सार्वजनिक मञ्चहरूमा उभिन त्रास र सङ्कोच मान्नुपर्दैन। जो प्रधानमन्त्री कसैसँग बोल्दैन, उसका लागि अरूले बोलिदिनुपर्ने भएपछि त्यो बोल्ने व्यक्तिको महत्व र महत्वाकाक्षा दुवै बढेर जान्छ। त्यस्तो व्यक्तिले निजी स्वार्थका लागि काम गर्न थाले भने पनि प्रधानमन्त्रीसम्म खबर पुग्नुअघि नै जनताको नजरमा प्रधानमन्त्रीको चरित्रमा नराम्रो दाग लागिसक्छ। त्यसबेला उनी आफू जतिसुकै चोखो र इमानदार भए पनि जनतालाई त्यसको कुनै अर्थ लाग्दैन।

बालेनका एक सशक्त सहयोगी हालै मात्र माधवकुमार नेपाल प्रधानमन्त्री रहेकै समयमा भएको कल बाइपास गरेर नेपाल टेलिकमलाई ठग्ने एउटा मामिलामा प्रहरी हिरासतमा परेको समाचार बाहिरिएको छ। उसैबेला देशको नियम छलेर सम्पत्ति आर्जन गर्ने बानी लागेको व्यक्ति अहिले अत्यन्त इमानदारीपूर्वक बालेनको सहयोगी बनेर बस्ला त ? 'गरिबको चमेली बोल्दिने कोही छैन...' गीत गाएर जनताको विश्वास जितेको व्यक्तिले गरेका कामहरूबाट गरिबी मेटाउने होइन गरिबै मार्ने काम हुन थाल्यो भने त्यस्तो सरकार कुनै पनि ढंगले लोकतान्त्रिक र उदारवादी हुन सक्दैन।

प्रधानमन्त्री बालेन साँच्चिकै उदारवादी, लोकतन्त्रवादी हुने हो भने उनको अहिलेको अन्धकार भित्रबाट सरकार चलाउने तरिका छाड्नुको अर्को विकल्प देखिँदैन। वि.सं. २०१५ सालमा नेपाली कांग्रेसले संसद्मा दुई तिहाइ बहुमत जितेर प्रधानमन्त्री बनेका विश्वेश्वरप्रसाद कोइरालाले तत्कालीन प्रगतिशील पत्रिका समीक्षाका सम्पादक तथा उनका खरा आलोचक मदनमणि दीक्षितलाई बोलाएर आफ्नै सरकारको गलत कामहरू जनसमक्ष लैजान सहयोग गरेको घटनालाई अहिले पनि लोकतान्त्रिक सरकारको प्रधानमन्त्री कस्तो हुनुपर्छ भन्ने उदाहरणको रूपमा बारम्बार उल्लेख गरिन्छ।

रास्वपाको सरकार बनेपछि नेपाली स्वतन्त्र पत्रकारिता र सञ्चार जगत्का लागि पहिलो उपहारको रूपमा सरकारी विज्ञापन निजी सञ्चार माध्यमका लागि बन्द गरिएको छ। प्रधानमन्त्री वा मन्त्रीहरू कुनै निजी सञ्चार माध्यमसँग बोल्न सक्दैनन्। सिंहदरबारका कर्मचारी पञ्चायती व्यवस्थामा भन्दा बढी आशङ्कित र भयातुर देखिएका छन्। तर, उग्रराष्ट्रवादी र उग्रवामपन्थीको सल्लाह र सुझावमा अहिले जसरी नै कालोअँध्यारो कोठाबाट शासन गर्ने चाहना राख्ने हो भने आफ्ना विरोधीलाई कारबाही गर्ने र स्वतन्त्र पत्रकारिताको घाँटी निमोठ्ने काम त केही समयको लागि चलाउन सकिएला तर त्यसले प्रधानमन्त्रीको छवि उजिल्याउने वा सत्ता लम्ब्याउने काम गर्दैन।

आजको अवस्थामा रणबहादुर शाहजस्तो खोपीमा बसेर आफूलाई दर्शन गर्न आउने जनतालाई झ्यालबाट पैताला देखाएर 'ल दर्शन गर' भन्ने राजा बन्न सम्भव छैन, न त जङ्गबहादुर राणाजस्तो त्रिशूलीमा घोडासहित कुदेको र धरहराबाट छाता लिएर हाम फालेकोजस्तो पपुलिस्ट कुरा जनतामा फैलाएर शासन गर्ने अवस्था छ। आजको नेपाली जनताले प्रधानमन्त्री बालेनलाई विश्वास गरेका छन् किनभने उनले पुराना राजनीतिक दलको विकृतिलाई समाप्त पारेर देशलाई एक नयाँ दिशा दिन्छन् भन्ने जनतालाई लागेको थियो। सायद, अझै पनि त्यो विश्वास पूरै सकिएको छैन। तर, नेपाली जनताको विश्वास लोकतान्त्रिक मूल्य र मान्यतालाई अघि बढाउने नेताले मात्र लामो समय कायम राख्न सक्छ भन्ने तथ्य बारम्बार प्रमाणित भइसकेको छ। हेक्का रहोस्।बाह्रखरीबाट

## अवैध आयात...

किसानले पालेको माछा पोखरीको निरीक्षण गर्नुभएको छ। मंसुरीले जनतासँग प्रत्यक्ष भेटघाट, संवाद तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने उद्देश्यले किसानको सवालमा समेत चासो राखेर माछा किसानको पोखरीले अवलोकन गरेको बताउनुभयो।

कोशी प्रदेश सरकारले सबै क्षेत्रमा राहतको महसुस हुने गरी काम गर्दै आएकोमा माछा किसानका लागि पनि काम गर्ने बताउनुभयो। मंसुरीले रामधुनी नगरपालिका–७ मा रहेको ह्याप्पी हार्भेष्ट कृषि फर्म तथा देवानगन्ज गाउँपालिका–७, पक्कीटोल ( राजगञ्जसिनुवारी) मा रहेको सुनसरी बहुउद्देश्यीय कृषि फार्मको स्थलगत अनुगमन तथा निरीक्षण गर्नुभएको छ। अनुगमनका क्रममा मन्त्री मंसुरीले कृषि उत्पादनको अवस्था, कृषकले भोगिरहेका समस्या, उपलब्ध सम्भावना तथा कृषि प्रवर्धनका विविध पक्षबारे जानकारी लिनुका साथै कृषकहरूसँग प्रत्यक्ष अन्तरक्रिया गर्नुभएको थियो।

उहाँले कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र कृषकको आयस्तर वृद्धि गर्न प्रदेश सरकार निरन्तर रूपमा प्रतिबद्ध रहेको उल्लेख गर्दै आवश्यक सुझाव दिनुभएको थियो। माछा किसान भीष्म अधिकारीले संघीय र प्रदेश सरकारको विगतदेखि नै केही लगानी र किसानको सकृयतामा माछा पालन भई रहेको मसुरीलाई जानकारी गराउनुभएको थियो।उहाँले सीमामा कडाई गरे पनि नेपाली माछा किसान उत्साहित बनेको जानकारी दिनुभयो।

# मिथिलाको अमूल्य धार्मिक सम्पदा गेरुका नदी : महिमा अपार, व्यवस्थापन कमजोर

**नवीन प्रियदर्शी**



जनकपुरधाम, १८ जेठ। 'जे भै दिल्ली ले लेवै झिल्ली तोही खे गे ।

जे बै गेरूका लेवै लेडका तोही खेलैय गे ॥'

बिहानको मधुरो उज्यालोसँगै यो लोकगीत गुनगुनाउँदै श्रद्धालुहरू गेरुका नदीतर्फ लम्किरहेका छन्। कसैको हातमा फूल र प्रसाद छ भने कोही परिवारका सदस्यसँगै नदी किनार पुग्दै छन्। महोत्तरीको लोहरपट्टी नगरपालिका वडा नम्बर ४, खुट्टा पिपराडीस्थित गेरुका नदी किनारमा पुरुषोत्तम मास लागेसँगै आस्था र जनविश्वासको ठूलो जमघट देखिएको छ।

मिथिला सभ्यता केवल जनकपुरधाम, जानकी मन्दिर वा सीतारामको कथाले मात्र पूर्ण हुँदैन। यहाँका नदी, पोखरी, धार्मिक परम्परा र मेलाहरूले पनि युगौँयुग पुरानो इतिहास बोकेका छन्। यिनै ऐतिहासिक तथा धार्मिक परम्परामध्ये गेरुका मेला अत्यन्त महत्त्वपूर्ण मानिन्छ। बिहानको पहिलो किरणसँगै गेरुकाको घाटमा श्रद्धालुको चहलपहल बढ्न थाल्छ। हातमा पूजा सामग्री बोकेका महिला भक्तजन गीत गाउँदै स्नानका लागि नदीतर्फ उन्मुख हुन्छन्। पुरुषोत्तम मासको अवसरमा यहाँ दैनिक सयौँ, आइतबार र मंगलबार हजारौँ तथा महिनाभरिमा लाखौँ श्रद्धालु पुग्ने गरेका छन्। यसले गेरुका स्नानलाई धार्मिक आस्था र परम्पराको केन्द्र बनाएको छ।

गेरुका नदीसँग जोडिएको जनविश्वास पनि निकै बलियो छ। सन्तान नहुनेहरूले यहाँ भाकल गरे मनोकामना पूरा हुने विश्वास रहिआएको छ। संस्कृतिविद् परमेश्वर कापडीका अनुसार मिथिलामा १५ वटा नदी छन्, जसलाई सीताका सखीका रूपमा मानिन्छ। कापडी भन्छन्, 'कोशी, कमला, यमुना, व्युत्मती, जलाध, गेरुका, दूधमती, ब्याघवती, गिरिजा, मण्डना, इच्छावती, लक्ष्मणा, बागमती, गण्डकी र नारायणी ती नदी हुन्।' माता सीताले विवाहका बेला गौरी पूजन गरेर गेरुका नदीमा पूजा सामग्री विसर्जन गर्नुभएको थियो। अहिले पनि गौरी पूजन गरी नदीमा विसर्जन गर्ने परम्परा जीवित छ। कापडीका अनुसार एक समय माता सीताले आफ्नी सखी गेरुकालाई आशीर्वाद दिँदै भनेकी थिइन्, 'अधिक मास अर्थात् पुरुषोत्तम मासमा तिम्रो महिमाको गुणगान हुनेछ, यस नदीमा स्नान गर्नेहरूको पाप क्षय हुनेछ र मनोकामना पूरा हुनेछ।'

महोत्तरी र धनुषाको सीमाक्षेत्रमा अवस्थित गेरुका नदी र बिघी नदीको संगमस्थल निकै परिचित छ। पुरुषोत्तम मासमा भारतको राजगिर र प्रयागराजजस्तै यहाँ पनि ठूलो भीड लाग्ने गर्छ। नेपाल र भारतका विभिन्न स्थानबाट महिनाभरिमा लाखौँ श्रद्धालु स्नानका लागि यहाँ पुग्ने गर्छन्। गेरुका नदी किनारमा लाग्ने यो मेला केवल धार्मिक जमघट मात्र नभएर मिथिलाको सांस्कृतिक एकता र जनआस्थाको प्रतीकका रूपमा पनि परिचित छ। जानकी मन्दिरका उत्तराधिकारी महन्थ रोशन दासका अनुसार सीतारामको प्रतीकलाई गेरुका नदी किनारमा ल्याई स्नान गराएपछि शाही स्नानसहित मेला सुरु हुन्छ।

दास भन्छन्, 'यो पवित्र नदी गंगाभन्दा कम छैन, यहाँ स्नान गर्दा पाप क्षय हुन्छ र मनोकामना पूरा हुन्छ भन्ने जनविश्वास छ।' त्रेतायुगदेखि नै यहाँ स्नान गर्ने परम्परा चल्दै आएको छ। पुरुषोत्तम मासमा विशेषगरी आइतबार र मंगलबार स्नानको महत्त्व बढी मानिन्छ। प्राचीन समयमा गेरुका नदीको पानी हल्का गेरुवा रङको देखिने भएकाले यसको नाम 'गेरुका' रहन गएको मानिन्छ। मिथिला संस्कृतिमा नदीलाई केवल पानीको स्रोतका रूपमा नभई देवीस्वरूप मान्ने परम्परा छ। त्यसैले गेरुका नदीलाई आज पनि पवित्र तीर्थस्थलका रूपमा सम्मान गरिन्छ।

सर्लाहीको सलमपुरबाट आएकी श्रद्धालु मन्तुरिया देवी भन्छिन्, 'मलाई नाति थिएन, मैले यहाँ भाकल गरेकी थिएँ। उहाँको कृपाले मलाई नाति भयो। अहिले बुहारी र नातिलाई लिएर स्नान गर्न आएकी छु। भाकल पूरा भएपछि बाख्राको पाठीको कान काटेर चढाउने छु।' यस मन्दिरका पुजारी मल्लाह समुदायबाट हुने गरेका छन्। पुरुषोत्तम मासमा आयोजना हुने गेरुका मेलाको धार्मिक महत्व अझ गहिरो मानिन्छ। हिन्दु धर्मग्रन्थअनुसार पुरुषोत्तम मास भगवान् विष्णुलाई अति प्रिय महिना हो। भगवान् विष्णुले मलमासलाई आफ्नो नाम 'पुरुषोत्तम' प्रदान गर्नुभएकाले यस महिनालाई पुरुषोत्तम मास भनिएको जानकारहरू बताउँछन्।

सन्त रामजी दास भन्छन्, 'स्वयं सीतारामले गेरुका नदीमा स्नान गर्नुभएको थियो। सबै देवीदेवता पनि यस नदीमा स्नान गर्न आउने विश्वासका कारण श्रद्धालुहरू यहाँ आउने गर्छन्।' पण्डित नवीनकुमार झा भन्छन्, 'पुरुषोत्तम मासमा पवित्र नदीमा स्नान, दान र पूजापाठको विशेष महत्व छ। मिथिलामा गेरुका स्नानलाई प्रयागराज र राजगिरजत्तिकै महत्वपूर्ण मानिन्छ। यहाँ स्नान गरी गौदान तथा अन्य दान गरे विशेष पुण्य प्राप्त हुने विश्वास छ।'

धार्मिक मान्यताअनुसार पुरुषोत्तम मासमा गेरुका नदीमा स्नान गरी पूजाआराधना गरे पाप नाश हुने, रोगव्याधिबाट मुक्ति मिल्ने र पारिवारिक सुखशान्ति प्राप्त हुने जनविश्वास रहिआएको छ। महिनाभरि यहाँ अखण्ड कीर्तन, रामनाम संकीर्तन र पूजापाठ सञ्चालन हुन्छ। स्नान गरेर जलेबी (जिल्लेबी) कोसेलीका रूपमा घर लैजाने चलन पनि यहाँको विशेषता बनेको छ।

धार्मिक तथा सांस्कृतिक महत्व बोकेको गेरुका नदी अझै व्यवस्थित हुन सकेको छैन। विगतमा डुबेर मृत्यु हुने घटना हुँदै आएका छन् भने यस वर्ष पनि डुबेर मृत्यु भएका घटना सार्वजनिक भएका छन्। स्थानीय जगदीश यादव भन्छन्, 'नदीको उचित व्यवस्थापन, सुरक्षित घाट र सुरक्षा व्यवस्था आवश्यक छ। बेलाबेलामा डुबान र दुर्घटनाबाट मानिसको ज्यान जाने गरेको छ, त्यसैले स्थानीय सरकारले यसलाई व्यवस्थित गर्नुपर्छ।'

काठमाडौँबाट पहिलोपटक गेरुका स्नानका लागि आएकी संस्कृतिविद् रुपा झा भन्छिन्, 'यहाँको भीड भारतको राजगिरभन्दा कम छैन तर सुरक्षा व्यवस्था कमजोर देखियो। यसको महिमा र इतिहासको प्रचारप्रसार गर्न सके भारतबाट पनि धार्मिक पर्यटक आउने सम्भावना छ। यो मिथिलाको मोक्ष नदीका रूपमा चिनिन्छ। पुरुषोत्तम महिनामा यहाँ स्नान गरे मोक्ष प्राप्त हुने जनविश्वास छ। यहाँ गौदान, सुवर्णदान र सात प्रकारका अन्नदान गर्ने परम्परा पनि रहेको छ।'

लोहरपट्टी नगरपालिकाका प्रमुख शैलेन्द्र यादवले गेरुका नदी संरक्षण र व्यवस्थापनका लागि समय–समयमा बजेट छुट्याइएको बताए। उनी भन्छन्, 'स्थानीय सरकारको प्रयास मात्र पर्याप्त नहुने भएकाले संघ, प्रदेश र स्थानीय सरकारले मिलेर यस क्षेत्रलाई धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न आवश्यक छ। पुरुषोत्तम मासमा लाखौँ श्रद्धालु स्नानका लागि यहाँ आउने गर्छन्। बिहार, उत्तर प्रदेश, मधेस प्रदेशलगायतका स्थानबाट भक्तजनको ठूलो भीड लाग्छ। यो मिथिलाको पापमोचनी नदी हो, यहाँ साधुसन्तहरू आउनुहुन्छ र हामी व्यवस्थापनको प्रयास गरिरहेका छौँ।'

आस्था, इतिहास, जनविश्वास र मिथिलाको सांस्कृतिक पहिचान बोकेको गेरुका मेलामा लाखौँ श्रद्धालुको केन्द्र बनेको छ। तर यसको संरक्षण, सुरक्षित व्यवस्थापन र प्रभावकारी प्रचारप्रसारमा सम्बन्धित निकायले ध्यान दिन सके मिथिलाको यो अमूल्य धार्मिक सम्पदा अझ उजागर हुने विश्वास स्थानीयवासीको छ। मिथिला क्षेत्रका ७२ कुण्ड, बाउन्न कुटी र नदीहरूको आफ्नै महत्व छ। जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा राख्ने प्रयास भइरहेका बेला गेरुका नदीलगायतका सम्पदाको संरक्षण र संवर्द्धनले उक्त अभियानलाई थप सहयोग पुऱ्याउने देखिन्छ।

# विपक्षीहरूको माग, 'प्रधानमन्त्रीको अभिव्यक्ति अभिलेखबाट हटाएर माफी माग्नुपर्छ'



काठमाण्डौ, १८ जेठ। प्रधानमन्त्री बालेन्द्र शाहले हिजो प्रतिनिधिसभा बैठकमा नेपालले पनि भारतको जग्गा मिचेको बताएपछि विपक्षी दलहरूले कडा विरोध गरेका छन्। प्रधानमन्त्री शाहको अभिव्यक्ति सार्वभौमसत्ता प्रतिकूल रहेको भन्दै विपक्षी दलहरूले त्यसलाई सदनको अभिलेखबाट हटाउनुपर्ने र प्रधानमन्त्रीले थप स्पष्टीकरण दिनुपर्ने माग गरेका हुन्। सोमबार बैठक शुरू हुनुअघि बसेको विपक्षी दलहरूको बैठकले प्रधानमन्त्रीको भनाइप्रति आपत्ति जनाउँदै त्यसलाई नसच्याएसम्म प्रतिनिधिसभा बैठक चल्न नदिने निष्कर्ष निकाल्यो। संयुक्त बैठक गरेर प्रतिनिधिसभा बैठकमा गएका दलहरूले प्रधानमन्त्रीले माफी मागेर भनाइ फिर्ता लिनुपर्ने वा कहाँ मिचिएको हो स्पष्ट पार्नुपर्ने माग गर्दै बैठकमा अवरोध गरेका छन्।

हिजै बेलुका परराष्ट्र मन्त्रालयले प्रधानमन्त्रीको भनाइ मूलत: दशगजा क्षेत्र अतिक्रमण र 'क्रश–बोर्डर अक्युपेशन' अर्थात् 'सीमा वारपारको जग्गा भोगाधिकार' सँग सम्बन्धित रहेको जनाएको थियो। तर सीमा वारपारको जग्गा भोगाधिकार र सीमा अतिक्रमण फरक कुरा भन्दै दलहरूले विरोध गरेका हुन्। प्रधानमन्त्रीको अभिव्यक्तिविरुद्ध संसदमा अवरोधसँगै सडकमा पनि प्रदर्शन भएको छ। विपक्षी दल नेकपा एमालेले सडकमा प्रदर्शन गरेको छ भने कांग्रेसको भातृ संस्था नेविसंघले पनि प्रदर्शन गरेको छ। विपक्षी दलहरूको मागबारे सत्तारूढ रास्वपा वा प्रधानमन्त्री बालेन्द्र शाहको तर्फबाट भने अहिलेसम्म कुनै प्रतिक्रिया आइसकेको छैन।

प्रतिनिधिसभाको आजको बैठक शुरू भएलगत्तै सबै विपक्षी सांसदहरूले उभिएर विरोध जनाएपछि सभामुख डीपी अर्यालले आकस्मिक समयमा बोल्न समय दिनुभयो। बैठकमा नेपाली कांग्रेसका सांसद निश्कल राईले प्रधानमन्त्रीले संसद्को रोस्ट्रममा उभिएर राखेको धारणाले नेपालीहरूको शिर निहुरिएको टिप्पणी गर्नुभयो। नेकपा एमालेका सांसद ऐनबहादुर महरले प्रधानमन्त्रीले हचुवाका भरमा नेपालले अरूको भूमि मिचेको धारणा राखेको भन्दै त्यसलाई सदनको अभिलेखबाट हटाउनुपर्ने र प्रधानमन्त्रीले माफी माग्नुपर्ने बताउनुभयो।

नेपाली कम्युनिस्ट पार्टी ( नेकपा) का युवराज दुलालले प्रधानमन्त्रीको अभिव्यक्तिमा 'आत्मसम्पर्णवादको पराकाष्ठा' देखिएको भन्दै सत्ताधारी दलका सभापतिको भारत भ्रमणको पूर्वसन्ध्यामा त्यस्तो अभिव्यक्ति दिनु संशयपूर्ण रहेको बताउनुभयो। श्रम संस्कृति पार्टीका नेता आरेन राईले यो अभिव्यक्तिका कारण 'गहिरो लज्जाबोध' भएको भन्दै यस्ता संवेदनशील विषयमा व्यक्त गरिने अभिव्यक्ति सधैँ स्पष्ट, जिम्मेवार र राष्ट्रिय हित अनुकूल हुनुपर्ने बताउनुभयो।

सभामुखले सांसदहरूले राखेका विषयमा आफ्ना ध्यानाकर्षण भएको भन्दै बैठकको कार्यसूचीमा सहभागी हुन अनुरोध गरे पनि विपक्षी सांसदहरूले त्यसलाई अस्वीकार गरेपछि बैठक १५ मिनेट स्थगित भएको थियो। त्यसपछि बसेको बैठकमा पनि अवरोध कायम भएपछि बैठक भोलि दिउँसोसम्मका लागि स्थगित भएको छ।

# मधेश प्रदेशमा आठ वर्षमा छ मुख्यमन्त्री, पन्चानब्बे मन्त्री

**विजयकुमार साह**

ढल्केबर, १८ जेठ। मधेश केन्द्रित दलकै दबाबका कारण मधेश प्रदेश स्थापना भएको हो तर अहिले त्यही मधेश प्रदेश सरकारमा मधेश केन्द्रित दलहरू छैनन्। पछिल्लो पटक गठन भएको सरकारबाट पहिलो पटक मधेश केन्द्रित दलहरू बाहिर छन्। संघीय संरचनामा गएपछि यो नौ वर्षको अवधिमा मधेश प्रदेशमा विभिन्न दलबाट छ जना मुख्यमन्त्री बन्नुभएको छ। त्यसमा चार जना त मधेश केन्द्रित दलबाट नै हुनुहुन्छ। सो अवधिमा राज्यमन्त्रीसमेत गरेर ९५ जना मन्त्री बन्नुभएको मधेश प्रदेशको प्रदेश प्रमुख कार्यालयले जनाएको छ। ९५ जनामध्ये अधिकांश मधेश केन्द्रित दलका रहेका छन्।








पटक पटक सरकार परिवर्तन तथा मन्त्रीपरिषद् पुनर्गठनले गर्दा मधेश प्रदेश अस्थिरताको अवस्थामा पुगेको छ र त्यसले गर्दा लक्ष्य अनुसार काम हुन नसकेको गुनासो भइरहेको छ। अस्थिर सरकारकै कारण बेरुजु बढ्नुका साथै नीति तथा कार्यक्रम र बजेटले लिएको लक्ष्य पनि पूरा नभएको गुनासो भइरहेको छ। मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सरोजकुमार यादवले प्रदेश सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको तथा संघीय सरकारमा हुने राजनीतिक फेरबदलको प्रत्यक्ष प्रभाव प्रदेश सरकारमा पर्ने गरेको बताउनुभयो।

त्यस्तै मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सतीशकुमार सिंहले मधेश सरकार अस्थिरताको मुख्य कारक जनमत पार्टी रहेको आरोप लगाउनुभयो। उहाँले सरकार गठन हुनासाथ भागबन्डा र मन्त्रीको स्वार्थका कारण पनि मधेश सरकार सङ्कटमा पर्ने गरेको दाबी गर्नुभयो। पूर्वमुख्यमन्त्री सिंहले भन्नुभयो, "मधेश प्रदेशमा सरकार गठन हुनासाथ ढल्ने गरेका छन्। जनमत पार्टीमा सम्झौता एउटा दलसँग गर्ने र सरकार बनाउन अर्को दलसँग मिलेमतो गर्ने प्रवृत्ति छ।" कहिले दुई महिना, कहिले चार महिनामा समर्थन फिर्ता लिएर सरकार ढाल्ने खेलमा जनमत पार्टी लागेको उहाँको भनाइ छ।

संघीय शासन प्रणालीमार्फत प्रदेशलाई अधिकार सम्पन्न बनाउँदै विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्य राखिए पनि मधेश प्रदेशमा सरकार परिवर्तन, गठबन्धन फेरबदल र मन्त्रीपरिषद् विस्तार पुनर्गठनको क्रम निरन्तर दोहोरिँदा राजनीतिक स्थायित्व अझै कायम हुन सकेको छैन। हाल नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव मधेश प्रदेशका छैटौँ मुख्यमन्त्री हुनुहुन्छ। २०८२ मङ्सिर १९ गते मुख्यमन्त्री नियुक्त हुनुभएका उहाँले गत सोमबार मन्त्रीपरिषद् पुनर्गठन गर्दै १२ सदस्यीय मन्त्रीपरिषद् गठन गर्नुभएको छ।

उहाँको नेतृत्वमा मात्र हालसम्म १७ जना प्रदेश सभा सदस्य मन्त्री बनिसक्नुभएको छ। संघीयता कार्यान्वयनपछि प्रदेश सभाको पहिलो कार्यकाल तुलनात्मक रूपमा स्थिर रह्यो। २०७४ फागुन २ गते मुख्यमन्त्रीमा नियुक्त भएका लालबाबु राउतले मात्र आफ्नो पाँच वर्षे कार्यकाल पूरा गर्नुभयो। यद्यपि उहाँको कार्यकालमा मन्त्रीपरिषद् विस्तार, पुनर्गठन र हेरफेरका क्रममा २० जना मन्त्री तथा राज्यमन्त्री नियुक्त हुनुभएको थियो।

२०७९ सालको प्रदेश सभा निर्वाचनपछि सुरु भएको दोस्रो कार्यकाल भने राजनीतिक अस्थिरताले प्रभावित बनेको छ। दोस्रो कार्यकालको सुरुवात जसपा नेपालका संसदीय दलका नेता सरोजकुमार यादवले गर्नुभएको थियो। २०७९ पुस २७ गते मुख्यमन्त्री नियुक्त हुनुभएका यादवले ११ पटक मन्त्रीपरिषद् हेरफेर तथा विस्तार गर्नुभएको थियो। उहाँको कार्यकालमा २५ जना मन्त्री तथा राज्यमन्त्री बन्नुभएको थियो।

यादव नेतृत्वको सरकार ढलेपछि २०८१ जेठ २५ गते जनमत पार्टीका सतीशकुमार सिंह मुख्यमन्त्री बन्नुभयो। नेकपा ( एमाले), तात्कालीन नेकपा ( माओवादी केन्द्र), नेकपा ( एकीकृत समाजवादी), नागरिक उन्मुक्ति पार्टीलगायत दलको समर्थनमा गठन भएको सरकारमा सिंहले मन्त्रीपरिषद् विस्तार गर्दै २० जना मन्त्री तथा राज्यमन्त्री नियुक्त गर्नुभएको थियो। त्यसमा विभिन्न दलका राज्यमन्त्री थपिएपछि चर्को आलोचना भएको थियो। आलोचना भएको एक सातापछि राज्यमन्त्रीहरूलाई पदमुक्त गरिएको थियो। उहाँको कार्यकालमा मन्त्रीपरिषद् विस्तार, पुनर्गठन र हेरफेरका क्रममा २७ जना मन्त्री तथा राज्यमन्त्री नियुक्त हुनुभएको थियो।

सिंह नेतृत्वको सरकार पनि लामो समय टिक्न सकेन। त्यसपछि तात्कालीन लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेता जितेन्द्रप्रसाद सोनल २०८२ असोज २९ गते मुख्यमन्त्रीमा नियुक्त हुनुभयो। उहाँको नेतृत्वमा तीन सदस्यीय मन्त्रीपरिषद् गठन भएको थियो। विश्वासको मत प्राप्त गर्न नसक्ने अवस्था देखिएपछि उहाँले २०८२ कात्तिक २२ गते राजीनामा दिनुभएको थियो। नेता सोनलको राजीनामापछि प्रदेश प्रमुखले संविधानको धारा १६८ को उपधारा (३) बमोजिम नेकपा (एमाले) संसदीय दलका नेता सरोजकुमार यादवलाई महोत्तरीको एक रिसोर्टमा २०८२ कात्तिक २३ गते मुख्यमन्त्रीमा नियुक्त गर्नुभयो तर उहाँको सरकार पनि विश्वासको मत प्राप्त गर्न नसक्ने निश्चित भएपछि २०८२ मङ्सिर १७ गते ढल्यो। उहाँको कार्यकालमा एमालेका लखन दास तत्मा र राष्ट्रिय प्रजातन्त्र पार्टीकी कञ्चन विच्छा र नेपाल संघीय समाजवादी पार्टीकी विमलाकुमारी अन्सारी मात्र मन्त्री बन्न पाउनुभयो।

लगातार सरकार परिवर्तनको क्रमपछि २०८२ मङ्सिर १९ गते नेपाली कांग्रेस, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, माओवादी केन्द्र, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल र तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) का ७७ जना प्रदेश सभा सदस्यको समर्थनमा नेपाली कांग्रेसका मधेश प्रदेशका सभापतिसमेत रहेका प्रदेश सभा सदस्य कृष्ण यादव मुख्यमन्त्रीमा नियुक्त हुनुभयो।

प्रदेश प्रमुखको कार्यालयका अनुसार प्रदेश सभाको दोस्रो कार्यकालमा मात्र पाँच जना मुख्यमन्त्री फेरिएका छन्। यही अवधिमा १०७ सदस्यीय प्रदेश सभामा मुख्यमन्त्री बन्नुभएकाबाहेक गन्ने हो भने ५४ जनाभन्दा बढी प्रदेश सभा सदस्य मन्त्री बनिसक्नुभएको छ। अर्थात् प्रदेश सभाका आधा सदस्य मन्त्री भइसक्नुभएको छ। राजनीतिकर्मी बिपी साहले केन्द्रमा हुने गठबन्धन परिवर्तनको प्रत्यक्ष प्रभाव प्रदेश सरकारमा पर्ने गरेकाले मधेश प्रदेशमा अस्थिरता बढेको बताउनुभयो। उहाँका अनुसार प्रदेश सरकार गठन र विघटनका अधिकांश निर्णय प्रदेशभन्दा बढी केन्द्रको राजनीतिक समीकरणबाट प्रभावित हुने गरेका छन्।

जनकपुरका वीरेन्द्र यादव मधेश केन्द्रित दल आन्दोलनको मर्म र जनताको अपेक्षाभन्दा सत्ताको खेलमा बढी केन्द्रित भएको देखिएको बताउनुभयो। अन्य प्रदेशभन्दा मधेश प्रदेशमा अलि सत्ताको खेल बढी हुने गरेको उहाँले बताउनुभयो।

# पूर्वतयारीविनाको अनलाइन भन्सार प्रणाली : सीमामा ४ घण्टासम्म लाइन बस्न बाध्य सेवाग्राही



धनुषा, १८ जेठ। नेपाल सरकारले भारतबाट नेपाल प्रवेश गर्ने सवारीसाधनको भन्सार अभिलेख अनिवार्य रूपमा अनलाइन प्रणालीमार्फत गर्नुपर्ने व्यवस्था लागू गरेपछि सीमावर्ती क्षेत्रका सेवाग्राहीले सास्ती खेप्न थालेका छन्। महोत्तरीको जलेश्वरस्थित मलिवाडा–भिठामोड भन्सार नाकामा भारतबाट नेपाल प्रवेश गर्ने सवारी चालक तथा यात्रुहरू भन्सार प्रक्रिया पूरा गर्न ३ देखि ४ घण्टासम्म लाइनमा बस्न बाध्य भएका छन्। नयाँ प्रणाली लागू भए पनि आवश्यक पूर्वतयारी, पर्याप्त जनशक्ति तथा प्राविधिक व्यवस्थापन नहुँदा सेवाग्राही समस्यामा परेका हुन्।

भारतको बिहारबाट नेपाल आउने सवारीधनीहरूका अनुसार अनलाइन दर्ता प्रक्रिया निकै जटिल छ। भन्सार कार्यालयबाट पर्याप्त सहयोग नपाउँदा उनीहरू बिचौलियाको सहारा लिन बाध्य भएका छन्। अनलाइन फाराम भर्ने तथा दर्ता गरिदिने नाममा बिचौलियाले प्रतिगाडी २०० देखि ५०० रुपैयाँसम्म असुल्ने गरेको सेवाग्राहीहरूको आरोप छ।

भारतको सीतामढी जिल्लाबाट आएका राम उदित राउत भन्छन्, 'हामीलाई अनलाइन प्रणालीबारे कुनै जानकारी छैन र भन्सार कार्यालयमा सहयोग गर्ने व्यवस्था पनि छैन। समयमै फर्किनुपर्ने भएकाले घण्टौँ लाइनमा बस्नुभन्दा बिचौलियालाई पैसा तिरेर काम गराउनुपर्ने बाध्यता छ।'

स्थानीय व्यवसायी तथा यात्रुहरूले डिजिटल प्रणाली लागू गर्नु सकारात्मक कदम भए पनि आवश्यक पूर्वाधार, सूचना प्रवाह र प्राविधिक सहायता सुनिश्चित नगरी कार्यान्वयन गरिएकाले सर्वसाधारणले दुःख पाएको बताएका छन्। उनीहरूले भन्सार कार्यालयमा थप कम्प्युटर, प्राविधिक कर्मचारी र सहायता कक्षको व्यवस्था गर्न माग गरेका छन्।

यता, भन्सार कार्यालयका प्रमुख राजेन्द्र बस्नेत नयाँ प्रणाली कार्यान्वयनको प्रारम्भिक चरण भएकाले केही समस्या देखिएको स्वीकार गर्छन्। उनी भन्छन्, 'प्रणाली भर्खरै सुरु भएकाले केही प्राविधिक समस्या देखिएका हुन्, हामी क्रमशः व्यवस्थापन सुधार गर्दै लैजानेछौँ।'

सीमावर्ती क्षेत्रमा दैनिक सयौँ भारतीय सवारीसाधन नेपाल प्रवेश गर्ने भएकाले अनलाइन भन्सार प्रणालीलाई सहज, छिटो र प्रभावकारी बनाउन तत्काल आवश्यक व्यवस्थापन गर्नुपर्ने आवाज उठ्न थालेको छ। सेवाग्राहीहरूले प्रणाली सुधारसँगै सहायता सेवा प्रभावकारी बनाउन सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन्।

# संसदमा अमर्यादित र आपत्तिजनक व्यवहार गरेको भन्दै छानबिन गर्न समिति गठन



काठमाण्डौ, १८ जेठ। प्रतिनिधिसभाको हिजोको बैठकमा भएको घटनाबारे छानबिन गर्न सभामुख डोलप्रसाद (डीपी) अर्यालले समिति गठन गर्नुभएको छ। सदन अवरोध गर्दा अमर्यादित र आपत्तिजनक व्यवहार गरेको बताउँदै सभामुख अर्यालले समिति गठन गर्नुभएको हो। सचिव प्रकाश अधिकारीको संयोजकत्वमा संघीय संसद्को आन्तरिक सेवा तथा योजना व्यवस्थापन महाशाखाका प्रमुख र प्रविधि व्यवस्थापन महाशाखा प्रमुख सदस्य रहेको समिति गठन गरेको उहाँले सभालाई जानकारी गराउनुभयो। समितिले ७ दिनभित्र प्रतिवेदन तयार पार्नेछ।

बैठकलाई नियमित कार्यसूचीमा लैजान बारम्बार प्रयास गरे पनि विपक्षीहरूले अवरोध कायम राखेपछि सभामुख अर्यालले समिति गठनबारेमा जानकारी गराउँदै बैठक भोलि दिउँसो १ बजेसम्मका लागि स्थगित गर्नुभएको हो।

## मधेस प्रदेशको ...

आवश्यकताका आधारमा संशोधनसहित यसलाई पारित गर्ने प्रक्रिया अघि बढाइने सचिवालयले जनाएको छ। यो नीति तथा कार्यक्रम पारित भएपछि प्रदेश सरकारले आगामी असार १ गते आर्थिक वर्ष २०८३/८४ को पूर्ण बजेट सार्वजनिक गर्ने आन्तरिक तयारी तीव्र पारेको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)